बैठक सञ्चालन कार्यविधि-२०७४

**अनुसूची - १**

**बुदा नं १२.२ सँग सम्बन्धित**

बैठक संख्या: ६६

मिति: २०७८/०४/०५

अध्यक्षता: श्री रामकिरणी रोकामगर(उपाध्यक्ष एवं का.वा अध्यक्ष)

<u>कार्यपालिकाका पदाधिकारीहरु:</u>

| | |
|---|---|
| १. श्री वीर बहादुर घर्ति | अध्यक्ष |
| २. श्री रामकिरणी रोकामगर | उपाध्यक्ष |
| ३. श्री रेवत बहादुर बुढाथोकी | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |
| ४. श्री जनक बहादुर बुढामगर | १ नं वडा अध्यक्ष |
| ५. श्री वसन्त रोका | २ नं वडा अध्यक्ष |
| ६. श्री भिम बहादुर रोका | ३ नं वडा अध्यक्ष |
| ७. श्री उदिम घर्ति | ४ नं वडा अध्यक्ष |
| ८. श्री गोवर्धन घर्ति | ५ नं वडा अध्यक्ष |
| ९. श्री जुरमुखी रोका | कार्यपालिका सदस्य |
| १०. श्री रामकली विश्वकर्मा | कार्यपालिका सदस्य |
| ११. श्री पुन बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य |
| १२. श्री धन कुमारी रोका | कार्यपालिका सदस्य |
| १३. श्री रामकुमारी विश्वकर्मा | कार्यपालिका सदस्य |

<u>अन्य उपस्थिति:</u>

| | |
|---|---|
| १. श्री भिमसेन बुढा मगर | सूचना अधिकारी |
| २. श्री निर्धक रोकामगर | कार्यलय सहयोगी |

<u>प्रस्ताव:</u>

१. थबाङ ठूलोगाउँ फोहरमैला व्यवस्थापन ।

२. बाल विकास शिक्षक सम्बन्धमा ।

३. ढुङ्गा गिट्टी बालुवाको ठेक्का सम्बन्धमा ।

४. तेलखोला भङरङ ग्रामिण सडक फ्रिज बजेट माग सम्बन्धमा ।

५. भुमी सम्बन्धी फोकल पर्सन र समिति गठन सम्बन्धमा ।

६. करार कर्मचारीको म्याद थप सम्बन्धमा ।

७. गरिवी निवारण कार्यक्रम सम्बन्धमा ।

निर्णयः

प्रस्ताव नं १ माथि छलफल गर्दा थबाङ ठूलोगाउँ फोहरमैला व्यवस्थापनको डि.पि.आर यसै योजनाको कन्टिन्जेन्सीबाट व्यहोर्ने गरी डि.पि.आर गर्ने निर्णय गरियो ।

प्रस्ताव नं २ माथि छलफल गर्दा गत आ.व गाउँपालिकाले सहमति दिएका बाल विकास केन्द्रहरु ज्ञान कुञ्ज.बाल विकास केन्द्र, थबाङ गा.पा १ र जलाकी बाल विकास केन्द्र, थबाङ गा.पा ४ मा बाल विकास सहजकार्ताहरुको कोटा गाउँपालिकाको अनुदानबाट सेवा सुविधा पाउने गरी बाल विकास सहजकर्ता नियुक्ति गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ३ माथि छलफल गर्दा ढुङ्गा गिट्टी बालुवाको ठेक्काहरु तपशिल बमोजिमको रकमको अधिनमा रही छिटो भन्दा छिटो बोलपत्र आव्हान गर्ने निर्णय गरियो ।

*तपशिल*

| क्र.सं | विवरण | रकम(कर बाहेक) | कैफियत |
|---|---|---|---|
| १ | थबाङ खोला (चालाबाङ देखि दहबाङसम्म) | ४,००,०००/- | |
| २ | मिरुल खोला(छेर्लोबाङ खोला देखि परिवर्तन गा पा सिमानासम्म) | १,००,०००/- | |
| ३ | उवा खोला(तेलखोला देखि सुनछहरी सिमानासम्म) | ५०,०००/- | |

प्रस्ताव नं ४ माथि छलफल गर्दा आ.व २०७७/०७८ मा तेलखोला भङरङ ग्रामिण सडक योजना कोभिडका कारण काम समयमा सम्पन्न हुन नसकेकाले बजेट फ्रिज भएको र म्याद थपी सम्पन्नको क्रममा रहेकाले फ्रिज भएको रकम आर्थिक मामिला तथा योजना मन्त्रालय बुटवल रुपन्देहीसँग बजेट माग गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ५ माथि छलफल गर्दा भू उपयोग ऐन २०७६ को दफा २० अनुसार तपशिल बमोजिमको कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो ।

*तपशिल*

१. गाउँपालिका अध्यक्ष — अध्यक्ष
२. सम्बन्धित वडाको वडा अध्यक्ष — सदस्य
३. कृष्ण रोकाय (कृषि शाखा प्रमुख) — सदस्य
४. मिना योगी (भौतिक पूर्वाधार शाखा प्रमुख) — सदस्य
५. सपना बुढा, वडा नं ३ (सरोकारवाला मध्येवाट) — सदस्य
६. साजन घर्ति, वडा नं ४ (सरोकारवाला मध्येवाट) — सदस्य
७. धन कुमारी रोका, वडा नं २ (सरोकारवाला मध्येवाट) — सदस्य
८. ग्रीस पुन, वडा नं १ (सरोकारवाला मध्येवाट) — सदस्य
९. प्रमुख प्रशासकीय अधिकृत — सदस्य-सचिव

भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान र प्रमाणीकरणको आधार मापदण्ड, २०७७ को दफा ३ बमोजिम तपशिल बमोजिमको सहजिकरण समिति गठन गर्ने निर्णय गरियो ।

<u>*तपशिल*</u>

| | |
|---|---|
| १. गाउँपालिका अध्यक्ष | संयोजक |
| २. गाउँपालिका उपाध्यक्ष | उपसंयोजक |
| ३. नेपाल एमाले पार्टी प्रतिनिधि | सदस्य |
| ४. माओवादी केन्द्र दल प्रमुख | सदस्य |
| ५. राष्ट्रिय जनमोर्चा प्रतिनिधि | सदस्य |
| ६. नेपाली काङ्ग्रेस प्रतिनिधि | सदस्य |
| ७. रामकुमारी वि क | सदस्य |
| ८. धनकुमारी रोका | सदस्य |
| ९. प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

वडा स्तरीय सहजिकरण समिति गठन गर्न वडा कार्यालयलाई पत्राचार गर्ने निर्णय गरियो ।

भूमि सम्बन्धी लगत संकलन कार्य गर्न यस कार्यालयका प्रशासन शाखाको अधिकृत छैठौ *नर रावत*लाई तोक्ने निर्णय गरियो ।

प्रस्ताव नं ६ माथि छलफल गर्दा थबाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको सम्पूर्ण शिक्षक, कर्मचारीहरुको करार सम्झौताको अवधि २०७९ असार मसान्तसम्म नविकरण गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ७ माथि छलफल गर्दा NCCSP का सामाजिक परिचालक श्री मन बहादुर रोकालाई गरिवी निवारण कोषको कार्यक्रम सहजकर्ताको जिम्मेवारी दिने गरी उहाँको करार सम्झौता २०७९ असार मसान्तसम्म नविकरण गर्ने निर्णय गरियो ।